# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २९ गते २०१६ साल

श्री ५ को सरकार

### खाद्य कृषि तथा विकास मन्त्रालयको सूचना

खाद्यान्न विषयमा श्री ५ को सरकारलाई सल्लाह दिनको लागि निम्नलिखित सरकारी र गैर सरकारी व्यक्तिहरू सदस्य भएको, खाद्य सल्लाहकार समितिको गठन गर्ने श्री ५ को सरकारले मिति ०१६।१२।८ मा निर्णय गरेको छ ।

१. सरकारी

(क) माननीय खाद्य, कृषि तथा विकास सहायक मन्त्री — अध्यक्ष
(ख) सचिव, खाद्य, कृषि तथा विकास मन्त्रालय — सदस्य
(ग) उपत्यकान्चल कमिश्नर — "
(घ) फूड कन्ट्रोलर, खाद्य विभाग — "
(ङ) उपसचिव, श्रीकल्याणविक्रम अधिकारी अर्थमन्त्रालय — "
(च) नायव सुब्बा श्रीविरेन्द्रबहादुर हाडा खाद्य कृषि तथा विकास मन्त्रालय सेक्रेटरी



९३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. गैरसरकारी

(क) माननीय उपसभामुख श्रीमहीन्द्रनारायण निधि, प्रतिनिधि सभा — सदस्य

(ख) माननीय सदस्य श्रीविस्वबन्धु थापा — "

(ग) माननीय सदस्य श्रीराधाकृष्ण थारु — "

(घ) श्री इन्द्रभक्त श्रेष्ठ — "

आज्ञाले–
कुमारदास श्रेष्ठ
श्री ५ को सरकारका का.मु. सचिव
खाद्य, कृषि तथा विकास मन्त्रालय

श्री ५ को सरकार

## खाद्य कृषि तथा विकास मन्त्रालयको सूचना

यस मन्त्रालयका सचिव श्रीतारकबहादुर शाह विरामी बिदामा बस्नु भएकोले बिदाबाट हाजिर हुन नआएसम्म सोपदमा निजामती सेवा नियमावलीको परिच्छेद ८ को नियम २ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०१६।११।२६ देखि सहसचिव श्रीकुमारदास श्रेष्ठलाई कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
कुमारदास श्रेष्ठ,
श्री ५ को सरकारका का. मु. सचिव,
खाद्य, कृषि तथा विकास मन्त्रालय

श्री ५ को सरकार

## खा. कृ. तथा विकास मन्त्रालयको सूचना

२०१६ साल माघ १८ गते संख्या ४१ को नेपाल गजेट भाग ४ मा प्रकाशित यस मन्त्रालयको का, मु, सचिव मुकरर भएको सूचनामा "मिति ०१६।३।२३ देखि ०१६।४।१४ सम्म" हुनुपर्नेमा मिति ०१६।३।२३ देखि ०१६।४।२४ सम्म भएकोले भूल सुधार गरिएको छ।

आज्ञाले-
कुमारदास श्रेष्ठ,
श्री ५ को सरकारका का. मु सचिव,
खा, कृ, तथा विकास मन्त्रालय,

३३६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।